"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
FN 30
# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा

पत्र संख्या :-
चलानी नं. :- २८८६

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

मिति २०७७/०९/०८

**विषय : सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धमा ।**

श्री सेनिटरी प्याड व्यवस्थापन अनुदान निकासा भएका सबै सामुदायिक विद्यालयहरू,

धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा **स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति**को मिति २०७७/०९/०७ को बैठकबाट देहाय बमोजिमका निर्णयहरू भएकाले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल :

१) आ.व.२०७६/०७७ मा सामुदायिक विद्यालयका छात्राहरूका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि विद्यालयहरूलाई अनुदान निकासा भइराकेकोमा सो अनुदानबाट सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची– १ बमोजिमको मापदण्ड अनुसारका सेनिटरी प्याड प्रचलित कानूनको अधीनमा रही सम्बन्धित विद्यालयले खरिद गरी छात्राहरूलाई वितरणको व्यवस्था गर्ने ।

२) सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधिको दफा १६ बमोजिमको **विद्यालय स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति** गठन गरी सहज तथा सरल तरिकाबाट छात्राहरूलाई सेनिटरी प्याड वितरण गर्ने ।

३) सेनिटरी प्याड वितरणको यथार्थ अवस्थाको जानकारीका लागि उपमहानगरपालिकाबाट विद्यालयहरूको स्थलगत अनुगमन तथा निरीक्षण हुने छ ।

**पुनश्च : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको website www.moe.gov.np मा उपलब्ध छ ।**

रत्नबहादुर कटुवाल
उपसचिव

**बोधार्थ :**

श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र website मा राखिदिनु हुन ।

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np
education@dharan.gov.